# अख्तियार दुरुपयोग अनुसन्धान आयोग
# टंगाल, काठमाडौं

मिति: २०७६।०२।१६ गते

## प्रेस विज्ञप्ति

### विषय: आरोप-पत्र दायर गरिएको।

---

यातायात व्यवस्था कार्यालय, सवारी चालक अनुमतिपत्र, वीरगञ्ज, पर्सामा लेखापढीको काम गर्ने रोशनकुमार रौनियार र सुनिल कुमार यादवले स्काभेटरको लाइसेन्स बनाइदिने भनी सेवाग्राहीसँग घुस/रिसवत माग गरिरहेको भन्ने सूचना एवम् उजुरीको आधारमा अख्तियार दुरुपयोग अनुसन्धान आयोगको कार्यालय हेटौंडा मकवानपुरबाट खटिइ गएको टोलीले निजहरू रोशन कुमार रौनियार र सुनिल कुमार यादवलाई सेवाग्राहीसँग रू.३१,०००।-( एकतीस हजार) घुस बापतको रकम लिइसकेको अवस्थामा नियन्त्रणमा लिई अनुसन्धान हुँदा यातायात व्यवस्था कार्यालय, सवारी चालक अनुमतिपत्र, वीरगञ्ज, पर्साका नायव सुब्बा बद्री प्रसाद दाहाल, शिखर इन्स्योरेन्स क.लि., तेस्रोपक्ष बिमा कलेक्सन काउण्टर, वीरगंज पर्साका लेखापढी व्यवसायी रोशनकुमार रौनियार र सोही काउण्टरमा काम गर्ने सुनिल कुमार यादव समेतको प्रत्यक्ष संलग्नतामा सेवाग्राहीलाई स्काभेटरको सवारीचालक अनुमति-पत्र बनाईदिने प्रयोजनको लागि सेवाग्राहीसँग घुस रकम माग गरी लिएको तथ्य स-प्रमाण पुष्टि हुन आएको हुँदा निजहरू बद्रिप्रसाद दाहाल, रोशनकुमार रौनियार र सुनिल कुमार यादव उपर देहाय बमोजिमको कसुरमा देहाय बमोजिमको सजायको मागदाबी लिई आज विशेष अदालत, काठमाडौंमा आरोप-पत्र दायर गरिएको छ ।

| सि.न | नामथर | पद | कार्यालय | बिगो | सजाय मागदाबी |
|---|---|---|---|---|---|
| १ | बद्रिप्रसाद दाहाल | नायव सुब्बा | यातायात व्यवस्था कार्यालय, सवारी चालक अनुमतिपत्र, वीरगञ्ज, पर्सा | रू.३१,०००।- | भ्रष्टाचार निवारण ऐन २०५९, को दफा ३ को उपदफा (१) बमोजिमको कसुरमा भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३ को उपदफा (१) र दफा ३ को उपदफा (१) को देहाय (ख) बमोजिम सजाय हुन मागदाबी |
| २ | रोशनकुमार रौनियार | लेखापढी व्यवसायी | शिखर इन्स्योरेन्स क.लि., तेस्रोपक्ष बिमा कलेक्सन काउण्टर, वीरगंज पर्सा | ,, | भ्रष्टाचार निवारण ऐन २०५९, को दफा ३ को उपदफा (२) बमोजिमको कसुरमा भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३ को उपदफा (१) र दफा ३ को उपदफा (१) को देहाय (ख) बमोजिम सजाय हुन मागदाबी |
| ३ | सुनिल कुमार यादव | - | ,, | ,, | भ्रष्टाचार निवारण ऐन २०५९ को दफा २२ बमोजिमको कसुरमा भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३ को उपदफा (१) र दफा ३ को उपदफा (१) को देहाय (ख) बमोजिम हुने सजायमा ऐ.ऐनको दफा २२ बमोजिम सजाय हुन मागदाबी |

(प्रदीपकुमार कोइराला)

प्रवक्ता